# लघुवित्त सेवा, एक झलक


**जनार्दन देव पन्त**

प्रमुख कार्यकारी अधिकृत

निर्धन उत्थान बैंक लिमिटेड

# नेपालमा गरिवीको अवस्था

- करिव ६० लाख जनता दैनिक रु. २०० भन्दा कम आम्दानी गर्ने वर्गमा पर्दछन्
- रोजगारीको सृजना **(job creation)** नै यस समस्याको समाधान हो ।
- रोजगारी सृजना गर्ने एक मात्र उपाय उद्यमशिलता हो ।
- उद्यमशिलताको लागी हामीलाई शीप र पूंजीको आवस्यकता पर्दछ ।
- लघुवित्त संस्थाहरुले विनाधितो साना उद्यमीहरुलाई पूंजी उपलब्ध गराउंदछन् ।

# लघुवित्त के हो र किन आवस्यक छ ?

- न्यून आय भएका घर परिवारलाई कर्जा, वचत र अन्य वित्तिय सेवाहरु जस्तै विप्रेषण, लघु विमा उपलब्ध गराउने कार्य नै लघुवित्त हो ।
- जो ब्यक्तिसंग एथेष्ठ रकम हुंदैन उसलाई लाखौं रुपैयांको कर्जाको आवस्यकता पनि पर्दैन ।
- तर केही सानो रकमले उनीहरुको जीवनमा ठूलो परिवर्तन ल्याउन सक्दछ जस्तैः पशु पालन गर्न,कृषि कार्य गर्न, सिलाइ मेशिन खरिद गर्न, सानो पसल खोल्न आदी ।
- साधारणतया, संसार भरिनै गरिवहरु संगठीत संस्थाहरुको रोजगारीको क्षेत्रमा आवद्ध भएका हुदैनन्, उनीहरु लघुब्यवसायहरु सन्चालन गर्ने, कृषि क्षेत्रमा कार्यगर्ने जस्ता काम गरेका हुन्छन् ।
- औपचारीक रुपले रोजगारी नपाएको हुनाले धेरै गरिवहरुले आफैले लघुब्यवसायहरु गरेका हुन्छन् ।

# लघुवित्त संस्थाहरु के हुन ?

- न्यून आय भएका घरपरिवारलाई साना साना कर्जा, वचत, लघुविमा र विप्रेशण सेवा दिने संस्थाहरुलाई लघुवित्त संस्था भनेर चिनिन्छ
- लघुवित्त संस्थाहरु गैरसकारी संस्था, सहकारी, सिमित बैंकिङ्ग कारोवार गर्न लाइसन्स प्राप्त बैंकहरु आदीको रुपमा सेवा प्रदान गर्दछन्
- केही लघुवित्त संस्थाहरु सानो कार्यक्षेत्र र थोरै ग्राहकहरुलाई सेवा दिन्छन् भने केही संस्थाहरुले ठूलो कार्यक्षेत्र र लाखौं ग्राहकहरुलाई सेवा दिइ रहेका हुन्छन्
- कतिपय लघुवित्त संस्थाहरुले कर्जा, बचत बाहेक ब्यवसायीक शिक्षा/साक्षरता, स्वास्थ्य र बालवालीका को लागी पनि काम गर्दछन्

# गरिवहरुले पुराना बैंकिङ्ग पद्धतीहरु किन प्रयोग गर्दैनन् ?

- न्यून आय भएका मानिसहरुको रोजगार नहुने, विगतको कर्जा कारोवारको इतिहास (Credit history) नहुने, एथेष्ठ धितो नहुने भएकोले उनीहरु औपचारीक बैकिङ्ग प्रणालीमा आवद्ध हुन नसक्ने ।
- केही बैंकहरुमा त बचत खाता खोल्नलाई पनि निश्चित रकम पहिले नै राख्नुपर्ने भएकोले पनि गरिवहरु बैंकमा कारोवार गर्न सक्दैनन् ।

# किन लघु कर्जाको ब्याजदर साधारणतया धेरै हुन्छ ?

- साना साना कर्जाहरुको ब्यवस्थापन गर्नुपर्ने, ग्राहकको घरदैलोमा सेवा दिनुपर्ने भएकोले प्रशासनिक खर्च अत्यन्त धेरै हुने भएकोले कार्यक्रमलाई दिगोपना ल्याउनकोलागी पनि ब्याजदर उच्च हुने गर्दछ ।

# लघु कर्जालाइ के कसरी प्रयोग गरिन्छ ?

- आम्दानी बढाउनको लागी मानिसहरुले किराना पसल, पशुखरिद, खेतीकिसानी, सिलाइ मेशिन, घरेलु उद्योग, यन्त्र उपकरण/मेशिन मर्मत आदी अथाहा अवसरहरुमा कर्जाको प्रयोग गर्दछन् ।

# के गरिव मानिसहरुले कर्जा तिर्न सक्दछन् त ?

- हालसम्मको अनुभवले लघुवित्तका ग्राहकहरुको अत्यन्त राम्रो कर्जा असुलीदर देखाएको छ, नेपालको सन्दर्भमा ९९ प्रतिशत भन्दा बढि कर्जा असुली दर रहेको छ ।

# के गरिबहरु बचत गर्न सक्दैनन् त ?

- हामीले बुझेको जस्तो धेरै बचत नहुन सक्दछ तर उनीहरुले लघु बचत गर्ने, विभिन्न संपत्तिहरु जोड्न सक्दछन् जो भविश्यमा चाहेको समयमा विक्रि गर्न सकिन्छ जस्तै: घरपालुवा पशुपंक्षी यस्ता बस्तुहरु, विरामी पर्दा, घर मर्मत गर्दा, छोराछोरी पढाउन आदी कार्यमा तुरुन्तै विक्रि गर्न सकिन्छ ।

# के लघुवित्तले गरिवि न्यूनकरण गर्न सांच्चिकै मदत गर्दछ त ?

- गरिवी भनेको एकदमै जटिल विषय हो र यसलाई सम्बोधन गर्न विभिन्न साधन तथा तरिकाहरुको आवस्यकता पर्दछ
- लघुवित्त त्यस्ता औजार मध्ये एक हो जो धेरै भन्दा धेरै गरिव मानिसहरुमा पुग्न सक्दछ र गरिवी हटाउन मदत गर्दछ । यसले लघु उद्यमीहरुलाई आवश्यक पर्ने वित्तिय सेवा र शिप प्रदान गरी स्थानिय स्तरमा उपलब्ध कच्चा पदार्थ प्रयोग गरी विक्रीयोग्य सामाग्री बनाई रोजगारका अवसर सृजना गर्ने, स्वरोजगार अभिबृद्धि गरी आत्मनिर्भर बनाउने र गरिवहरुको जिवीकोपार्जनमा (Better livelihood) सहयोग पुराउने जस्ता काम गरी समग्र रुपमा राष्ट्रिय अर्थतन्त्रमा समेत सामुहिक योगदान पुराएको हुन्छ ।